नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक २६४ २०८३ साल जेठ १५ गते शुक्रबार (29 May 2026 Friday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : आर्थिक सर्वेक्षण २०८२/८३ः ... ३ पृष्ठमा : पैतालिस सार्वजनिक संस्थानमध्ये ... ३ पृष्ठमा : अमेरिका-इरान तनावले ...

# थोरै लगानीमा बढी आम्दानी दिने "सनपात" खेती संकटमा



फायल तस्बिर : राजविराज दैनिक

**नवीनकुमार गुप्ता**
**राजविराज, १४ जेठ ।**

सप्तरीको विभिन्न ग्रामिण भेगका किसानहरु सनपात खेतीलाई नगदे बालीको रुपमा ग्रहण गर्ने गरेका छन् । यो खेतीका लागि प्रारम्भिक अवस्थामा चिस्यान आवश्यक हुने भएकोले जिल्लाको कोशी नदी तटबन्ध किनारका उक्त खेती बढी हुने गरेको छ । जिल्लाको पूर्वी तथा दक्षिणी भेगका किसानहरु नगदे बालीको रुपमा सनपात खेती गर्दै आए पनि अहिले सो खेती संकटमा परेको छ ।

थोरै लगानी गरेर बढी आम्दानी हुने यस खेतीका लागि चैतदेखि जेठ महिनासम्म बीउ छर्न सकिन्छ । वर्षा सुरु हुनुअघि रोपाइँ गर्दा राम्रो उत्पादन हुन्छ । सनपातबाट बोरा, डोरी, चटाई, कपडा, कागज लगायतका सामग्री बनाउन प्रयोग गरिन्छ । तर अहिले बोरा, डोरी, चटाईको स्थानमा प्लाष्टिकका सामाग्रिले अहिले बजार लिइरहेको अवस्था छ । यता सनपातबाट उत्पादन हुने कपडा र कागजको पनि विकल्प आइसकेकोले सनपात खेती ओझेलमा पर्न गएको हो । त्यति मात्र नभएर त्यसको भण्डारण गर्ने समस्या पनि उत्तिकै छ ।

यो पूर्णरुपमा तयार भइसकेपछी यसलाई काटेर केही दिन पानीमा राख्नु पर्छ । पानीबाट बाहिर निकालेर एक/एक गरि त्यसबाट रेसा निकालिन्छ । त्यसपछी निकालिएको रेसालाई घाममा सुकाइन्छ । जसलाई स्थानीय भाषमा "पटुवा" भनिन्छ । रेसा निकालिसकेपछी बाँकी रहेको पदार्थलाई "सन्ठी" भनिन्छ । सन्ठीलाई गोबरमा हालेर दाउरा (गोईठा) बनाइन्छ । जसलाई खान पकाउने कार्यमा प्रयोग गरिन्छ । "सन्ठी" चाडै बल्ने गरेकोले यसलाई आगो बाल्न तराईमा बिशेष प्रयोग गरिन्छ ।

अर्को शब्दमा भन्ने हो भने यसको प्रयोग धार्मिक प्रायोजनका लागि पनि गरिन्छ । तिहारमा मिथिलावासीले "हुक्कापाती" बनाएर पुजा गर्ने गरिन्छ । तिहार अन्तरगत लक्ष्मी पुजाको दिन मिथिलावासीले आफ्नो कुल देवतालाई "हुक्कापाती" बनाएर पुजा गर्ने गर्दछन् भने पुजा पश्चात् त्यही "हुक्कापाती" हातमा लिएर एक अर्कासँग रमाइलो गरि खेल्ने गर्छन् । सन्ठी बिशुद्ध पानीबाट उब्जिएकोले यसको प्रयोग धार्मिक प्रयोजनका लागि शुद्ध मानिएकोले यसको प्रयोग पुजामा गरिन्छ ।

जिल्लाको देउरी भरुवा, बभनगामाकट्टी, को.मधेपुरा, इनर्वा, हनुमाननगर, योगिनिया, भारदह, पोर्ताहा, रम्पुरा मल्हनिया, लौनिया, तिलाठी, सकरपुरा, कोचाबखारी, बरही बिरपुरका किसानहरुले सनपात खेति गर्ने गरेको देखिन्छ । जसबाट वर्षेनी राम्रो आम्दानी गर्ने गर्थे ।

स्थानीय बुद्धिजिवि एवं सप्तरीका वरिष्ठ पत्रकार अनिल कुमार अनल भन्छन्, "विगतमा एक मन सनपात बिक्रि गर्दा किसानले एक भरि सुन किनेर लाने गर्थे, तर अहिलेको परिवेशमा यो किवदन्ति नै भइसकेको छ ।"

सनपात खेतबाट काटिसकेपछी यसको हेरचारका लागि कामदारहरुको बढी प्रयोग हुनेगर्छ । अहिले सनपातका लागि पर्याप्त बजार छैन् । यता सनपात भण्डारण गर्ने अवस्था पनि छैन् । यो मौसमी खेती भएको हुँदा त्यसका लागि भण्डारण आवश्यक पर्छ । कतिपयले घरमै भण्डारण गरेर राखेका हुन्छन् । त्यस्तो अवस्थामा अधिकांश सनपात ढुसी लागेर

***बाँकी अन्तिम पृष्ठमा***

# पत्रकार आचरणविपरीतका कार्य नगर्न नगराउन काउन्सिलको आग्रह

काठमाडौं, १४ जेठ (रासस) ।

प्रेस काउन्सिल नेपालले पेसागत आचरणविपरीतका कार्य नगर्न नगराउन सञ्चारमाध्यम, आमपत्रकार, सञ्चारकर्मी एवं सामाजिक सञ्जालका प्रयोगकर्तालगायत सम्बद्ध सम्पूर्ण पक्षमा आग्रह गरेको छ ।

पछिल्लो समय स्वअनुगमनबाट त्यस्ता प्रवृत्तिहरू देखिएको उल्लेख गर्दै काउन्सिलले बुधबार विज्ञप्तिमार्फत त्यस्ता विभिन्न प्रवृत्ति/क्रियाकलापप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

काउन्सिलका अनुसार अनलाइन न्यूज पोर्टल दर्ता गर्ने तर त्यसबाट कुनै पनि सामग्री सम्प्रेषण नगरी मिडियाको नामबाट वा सम्बद्ध सञ्चारकर्मीद्वारा सञ्चालित सामाजिक सञ्जालबाट 'भ्यूअर' बढाउने उद्देश्यले अपुष्ट सामग्री सम्प्रेषण गर्ने प्रवृत्ति देखिएको छ ।

यस्तै, बिनाअनुमति सार्वजनिक निकायमा प्रवेश गरी अमर्यादित शैली तथा व्यवहारको प्रस्तुत गर्ने, हप्कीदप्की एवं दुर्व्यवहारजन्य क्रियाकलाप गर्ने, विद्यालय हाताभित्र गई अभिभावक/शिक्षक/संरक्षकको अनुमतिबेगर बालबालिकासँग अन्तर्वार्ता लिई 'भिडियो

***बाँकी अन्तिम पृष्ठमा***

# ...अनि श्रीमतीसँग माफी मागें



**राजेश झा**
**राजविराज, १४ जेठ ।**

"पहिला कसैले कुनै कागजमा सही गर्न दिंदा औंठा छाप लगाउने गर्थे, अरुले सही गर्दा मैले छाप लगाउँदा लाज लाग्ने गर्थ्यो अहिले त्यो लाज हटेको छ । अब त निर्धक्क भएर सही गर्ने गरेको छु ।" बनरझुलाकी ५५ बर्षिया कोशिलादेवी रामले यसो भनिरहँदा तालीको गडगडाहटले हल गुन्जियो ।

"अब त आफ्नो पैसा पनि बचत गर्न थालेको छु, आम्दानी खर्च पनि बुझ्न थालेकी छु" कोशिलादेवी पचास जनाभन्दा बढी सहभागीको अगाडि उभिएर निर्धक्कसाथ आफ्नो कुरा बताईरहेकी थिइन् "कसैसँग बोल्न पनि डर लाग्थ्यो, हिचकिचाहट हुन्थ्यो, अब त अगाडि जति मान्छे होस् बिना डराई बोल्ने गरेकी छु ।"

तिलाठी कोईलाडी गाउँपालिका वडा नं. ५ को. बर्साइनको बनरझुला टोलकी कोशिलादेवी मात्र होइन बेबीदेवी मण्डलले पनि आफ्नो नाम ठेगाना लेख्न सक्ने भएकी छिन् । स्थानीय नागो मण्डलले त आफ्नो रक्सी खाने बानी नै छुटिसकेको बताउँछन् । पहिला हरेक दिन साँझ रक्सी खाने गरेका नागो पछिल्लो एक बर्षदेखि आफ्नो रक्सी खाने बानी श्रीमतीको कारण छोड्न सकेको बताउँछन् ।

"समूहमा रक्सी खाने व्यक्तिको श्रीमति भनेर मेरो बारेमा अनेक कुरा काट्ने गरिन्थ्यो, मलाई सधैं लाज लाग्ने गर्थ्यो" आफ्नो श्रीमानको रक्सी खाने बानीबाट दिक्क भएकी शिलियादेवीले भनिन् "मैले समूहमा हुने टिकाटिप्पणी र आफ्नो असहजताका बारेमा श्रीमानलाई सम्झाई बुझाई गरेपछि उहाँले रक्सी खान छोड्नुभयो ।" रक्सी खान छोडेपछि पैसा पनि बच्न थालेको र त्यसलाई तरकारी खेतीमा लगाउने गरेको बताउने नागो मण्डलले भने "बजारमा महँगो सिजनमा आफूले उब्जाएको तरकारी बेच्न सक्ने भएको छु ।"

ग्रामीण महिला आर्थिक सशक्तिकरण कार्यक्रम अन्तर्गत सप्रोस नेपालद्वारा विहिबार आयोजित सामुदायिक संवाद सिकाई आदान प्रदान कार्यक्रममा नागोले अब त घरमा कुनै काम गर्दा श्रीमान श्रीमती सल्लाह गरेरै गर्ने गरेको बताए ।

सप्तरीको तिलाठी कोईलाडी गाउँपालिकामा सप्रोस नेपाल र दिदीबहिनी नामक गैर सरकारी संस्थाले वडा नं. ३, ४ र ५ मा ग्रामीण महिलाको आर्थिक सशक्तिकरण कार्यक्रम सञ्चालन गरिरहेको छ । दुवै संस्थालाई कृषि विकासका लागि

***बाँकी तीन पृष्ठमा***

**पानीको सदुपयोग र स्रोतको संरक्षण गरौं**

- धारा खुला छोड्ने बानी त्यागौं.
- बर्षाको पानी संकलन र पुनःप्रयोग प्रणाली अपनाऔं.
- नदी, ताल, पोखरी तथा मुहानहरूमा फोहर नफालौं.
- घर तथा कृषि क्षेत्रमा पानी बचत गर्ने प्रविधि प्रयोग गरौं.
- प्लास्टिक तथा रासायनिक पदार्थले पानी प्रदूषण नगरौं.
- वृक्षारोपण गरी जलस्रोत संरक्षण गरौं.
- भावी पुस्ताका लागि पानी बचत गर्ने बानी बसालौं ।

पानी जीवन हो—यसको संरक्षण हाम्रो कर्तव्य हो ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### जीर्ण पोखरीको मर्मत र संरक्षण आवश्यक

सप्तरी जिल्लामा रहेका सार्वजनिक पोखरीहरुको संरक्षण आवश्यक रहेको छ। यहाँ स्थित हरेक स्थानिय तहमा दर्जनौं सरकारी स्वामित्वको पोखरीहरु छन्। जुन जिर्ण अवस्थामा छ। ती पोखरीहरु मर्मत सम्भारका हुन नसक्दा जिर्ण बन्दै गएको छ। सो पोखरीहरु स्थानिय पालिकाले ठेक्का लगाउने र आम्दानी मात्र आर्जन गरेको पाइएको छ।

पोखरीलाई समय समयमा मर्मत गरि उचित घेरवार तथा संरक्षण गर्नु पर्ने दायित्व पालिकाको हो तर, त्यसो गरेको देखिन्न्। जसकारण पोखरीहरु अत्यन्त फोहर अवस्थामा छन्। जलाशयहरुको अवस्था जिर्ण, शौच गर्ने थलो तथा दुर्घन्धित बन्दै गएको छ। यस्तो प्रवृतीले पोखरीहरु झनै जिर्ण बन्दै गएको छ। मात्र पोखरीबाट माटो निकाल्ने र त्यसलाई सम्याउने बाहेकको काम भएन्। त्यसलाई घेरबार तथा सफासुघर गर्ने काम भएन्। केही वर्ष अघि सरकारले पोखरी र इनारहरुको संरक्षणका लागि बजेट नै छुट्याएको थियो। तर, ती बजेटको सदुपयोग हुन सकेन्।

तसर्थ पोखरीहरुको सम्वर्द्धन र संरक्षणका लागि समिति बनाएर त्यसबाट समय समयमा अनावश्यक घाँस निकाल्ने, छेउछेउमा बार लगाउने, घाटहरुलाई व्यवस्थित बनाउने तथा पानीको मात्र कमबढी गर्ने जस्ता काम गर्नुपर्छ। ऐतिहासिक यस्ता सम्पदालाई जोगाई राख्न स्थानियहरुले चासो देखाउनुका साथै सम्बन्धीत पालिका समेत गम्भिर हुनु अत्यन्त जरुरी छ।

# आर्थिक सर्वेक्षण २०८२/८३: कूल राजस्वमा संघ सरकारको हिस्सा ९२ प्रतिशत

काठमाडौं, १४ जेठ (रासस)।

सरकारले वार्षिक रूपमा सङ्कलन गर्ने राजस्वको ठूलो अंश सङ्घ सरकारबाट उठ्ने गरेको देखिएको छ।

अर्थमन्त्री डा स्वर्णिम वाग्लेले प्रतिनिधिसभाको बुधबारको बैठकमा प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०८२/८३ अनुसार गत आर्थिक वर्ष २०८१/८२ मा सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारको एकीकृत राजस्व सङ्कलन ११ दशमलव चार प्रतिशतले वृद्धि भई रु १२ खर्ब ८१ अर्ब ७० करोड पुगेको थियो। समग्र सञ्चित कोष र विभाज्य कोषमा जम्मा भएको राजस्वलाई आधार मान्दा यो वृद्धि अघिल्लो आर्थिक वर्षको तुलनामा उच्च वृद्धि हो। अघिल्लो आर्थिक वर्ष २०८०/८१ मा यस्तो राजस्व सङ्लन १० दशमलव ४ प्रतिशतले बढेको थियो।

आर्थिक सर्वेक्षणअनुसार कुल सङ्कलित राजस्वमध्ये सङ्घीय सरकारले सङ्कलन गरेको राजस्वको हिस्सा ९२ दशमलव एक प्रतिशत रहेको छ भने प्रदेश तथा स्थानीय तहको हिस्सा जम्मा सात दशमलव नौ प्रतिशत मात्र रहेको छ। यसले अझै पनि राजस्व सङ्कलनको मुख्य आधार सङ्घीय सरकार नै रहेको देखाएको छ। कुल राजस्वमध्ये कर राजस्वको हिस्सा ८७ दशमलव एक प्रतिशत रहेको छ भने गैरकर राजस्व १२ दशमलव नौ प्रतिशत रहेको छ।

त्यसैगरी, आर्थिक वर्ष २०८१/८२ मा सङ्घ, प्रदेश र स्थानीय तहको सञ्चित कोषमा रहेको राजस्व ११ दशमलव तीन प्रतिशतले वृद्धि भएर रु १२ खर्ब ७२ अर्ब ७५ करोड पुगेको छ। कुल राजस्वमध्ये सङ्घीय सञ्चित कोषको हिस्सा ८१ दशमलव एक प्रतिशत रहेको छ भने प्रदेशको आठ दशमलव चार प्रतिशत र स्थानीय तहको १० दशमलव पाँच प्रतिशत हिस्सा रहेको छ।

सरकारको एकीकृत आयतर्फ हेर्दा, बाँडफाँट गर्न बाँकी राजस्वबाहेक तीन तहका सरकारको कुल आय १० दशमलव चार प्रतिशतले बढेर रु १३ खर्ब २६ अर्ब ३१ करोड पुगेको छ। कुल आयमध्ये ९६ प्रतिशत हिस्सा राजस्वको रहेको छ भने वैदेशिक अनुदान, अन्य प्राप्ति तथा आन्तरिक ऋण लगानी फिर्ताको हिस्सा चार प्रतिशत रहेको छ। आव २०८०/८१ मा यस्तो आय वृद्धि छ दशमलव पाँच प्रतिशत रहेको थियो।

त्यस्तै, अनुदान हस्तान्तरणबाहेक राजस्व, अनुदान, अन्य प्राप्ति तथा सार्वजनिक ऋण परिचालनसमेत समेटिएको कुल प्राप्ति १५ प्रतिशतले वृद्धि भएर रु १७ खर्ब ८२ अर्ब ४० करोड पुगेको छ। यो रकम मुलुकको कुल गार्हस्थ्य उत्पादन (जिडिपी) को २८ दशमलव सात प्रतिशत बराबर हो। यस्तो कुल प्राप्तिमध्ये सङ्घीय सरकारको हिस्सा ८६ दशमलव तीन प्रतिशत रहेको छ भने प्रदेशको छ दशमलव एक प्रतिशत र स्थानीय तहको सात दशमलव छ प्रतिशत हिस्सा रहेको छ।

कुल प्राप्तिमा ऋण परिचालनको हिस्सा २५ दशमलव छ प्रतिशत पुगेको छ भने राजस्व, अनुदान तथा अन्य आयको हिस्सा ७४ दशमलव चार प्रतिशत रहेको छ।

राजस्व बाँडफाँटतर्फ आर्थिक वर्ष २०८१/८२ मा तीन तहका सरकारबीच बाँडफाँट हुने राजस्व १२ दशमलव दुई प्रतिशतले वृद्धि भई रु पाँच खर्ब एक अर्ब १० करोड पुगेको छ। जुन जिडिपीको आठ दशमलव एक प्रतिशत बराबर हो। यसमध्ये रु चार खर्ब ९२ अर्ब १६ करोड तीन तहका सरकारबीच बाँडफाँट भइसकेको छ भने रु आठ अर्ब ९४ करोड अझै बाँडफाँट हुन बाँकी रहेको आर्थिक सर्वेक्षणमा उल्लेख छ।

बाँडफाँट गरिएको राजस्वमध्ये सङ्घीय सरकारले ६६ दशमलव दुई प्रतिशत हिस्सा प्राप्त गरेको छ भने प्रदेश सरकारले १७ दशमलव एक प्रतिशत र स्थानीय तहले १६ दशमलव सात प्रतिशत हिस्सा प्राप्त गरेका छन्। अघिल्लो आवमा यस्तो बाँडफाँट हुने राजस्व पाँच दशमलव आठ प्रतिशतले बढेर रु चार खर्ब ४६ अर्ब ४६ करोड पुगेको थियो।

बाँडफाँट हुने राजस्वको संरचनामा मूल्य अभिवृद्धि कर (भ्याट) को हिस्सा सबैभन्दा धेरै रहेको छ। गत आर्थिक वर्षमा बाँडफाँट भएको राजस्वमध्ये भ्याटको हिस्सा ६८ दशमलव दुई प्रतिशत रहेको छ भने अन्तःशुल्क (आन्तरिक उत्पादन) को हिस्सा २४ दशमलव चार प्रतिशत र रोयल्टीसहित अन्य राजस्वको हिस्सा सात दशमलव चार प्रतिशत रहेको छ।

यसरी सरकारी तथ्याङ्कले राजस्व सङ्कलनमा सुधार देखिए पनि प्रदेश र स्थानीय तहको स्वायत्त राजस्व क्षमता अझै कमजोर रहेको देखाएको छ। कुल राजस्वमा सङ्घीय सरकारको अत्यधिक निर्भरता कायम रहँदा वित्तीय सङ्घीयताको प्रभावकारी कार्यान्वयनमा चुनौती कायमै रहने देखिन्छ।

# सेवा प्रवाहमा नेपाल प्रहरीले थालेका सुधारका प्रयास

काठमाडौं, १४ जेठ (रासस)।

नेपाल प्रहरीले सङ्गठनका कामकारबाही तथा सेवा प्रवाहमा सुधारका प्रयास थालेको छ।

प्रहरी कल्याण, कर्मचारी हित तथा मनोवल अभिवृद्धि, प्रविधि, डिजिटल प्रणाली तथा फरेन्सिक आधुनिकीकरण, नीतिगत, कानुनी तथा सङ्गठनात्मक सुधार, संस्थागत क्षमता विस्तार, समुदाय-केन्द्रित तथा सामाजिक सुरक्षा कार्यक्रम, पूर्वाधार विकास तथा सेवा विस्तारका क्षेत्रहरूमा उल्लेखनीय प्रयासहरू भएका प्रहरीका केन्द्रीय प्रवक्ता प्रहरी नायब महानिरीक्षक अविनारायण काफ्लेले जानकारी दिनुभयो। उहाँका अनुसार प्रहरी महानिरीक्षक दानबहादुर कार्कीको पदबहालीपछि प्रहरी कल्याण, कर्मचारी हित तथा मनोवल अभिवृद्धितर्फ प्रहरी वरिष्ठ नायब निरीक्षकदेखि प्रहरी कार्यालय सहयोगीसम्मलाई आकस्मिक समस्या समाधानका लागि पाँच प्रतिशत ब्याजदरमा रु दुई लाख आकस्मिक सहुलियत कर्जा उपलब्ध गराउनेगरी कल्याण कोषको सेवा विस्तार गरिएको छ।

यस अवधिमा प्रहरी कल्याण कोषबाट चार हजार ८४७ प्रहरी कर्मचारीलाई रु दुई अर्ब ३८ करोड ७३ लाख बराबरको सहुलियत कर्जा, घर खरिद वा निर्माण कर्जा, शैक्षिक कर्जा, सवारीसाधन खरिद कर्जा, निर्व्याजी उपचार सापटी, आकस्मिक सहुलियत कर्जा उपलब्ध गराइएको छ। प्रहरी कल्याण कोष सञ्चालन कार्यविधि, २०८० लाई संशोधन गरी समयानुकूल सेवा अभिवृद्धि र सेवा सुविधा विस्तार गरिएको छ।

यस्तै प्रविधि, डिजिटल प्रणाली तथा फरेन्सिक आधुनिकीकरणतर्फ नेपाल प्रहरी प्रधान कार्यालयमा एआईमा आधारित अनालाइसिस सेल सञ्चालन गरिएको, अभियुक्त र कसुरदारको अभिलेखीकरण र दुई ट्याकिङ प्रणाली स्वीकृत भई कार्यान्वयनमा आएको प्रवक्ता काफ्लेले बताउनुभयो। यस अवधिमा ६ लाख ७४ हजार ७५३ जनालाई चारित्रिक प्रमाणपत्र वितरण गरिएको छ। हाल नेपाल प्रहरीमा सञ्चालनमा रहेको प्रहरी मोबाइल एपमार्फत सर्वसाधारणले उजुरी तथा निवेदन दिन सक्ने व्यवस्था मिलाइएको पनि उहाँले बताउनुभयो।

विभिन्न सरोकारवाला निकायसँगको समन्वयमा प्रदेशका नाकासहित देशभरका विभिन्न स्थानमा एक हजार ४२ सिसीक्यामेरा जडान गरिएका छन्। नीतिगत, कानुनी तथा सङ्गठनात्मक सुधारतर्फ सरुवा कार्यान्वयनलाई व्यवस्थित बनाउन बढुवा तथा पदस्थापन भएका प्रहरी कर्मचारीलाई आफ्नो दरबन्दीमा हाजिर भएपश्चातमात्रै दर्ज्यानी चिह्न प्रदान गर्ने पद्दतिको सुरुआत गरिएको छ।

सङ्गठनको निष्पक्षता, पारदर्शीता र व्यावसायिक मर्यादालाई अक्षुण्ण राख्ने उद्देश्यले बाह्य प्रभाव पार्ने वा त्यस्तो प्रभावमा संलग्न प्रहरी कर्मचारीहरूको गतिविधि तीनपुस्ते रेकर्डमा अभिलेखीकरण गर्ने कार्यको संस्थागत रूपमा औपचारिक शुभारम्भ गरिएको छ।

नेपाल प्रहरीसम्बन्धी कानुनलाई संशोधन तथा एकीकरण गर्न बनेको विधेयकको मस्यौदाउपर समिति गठन भई छलफल अगाडि बढाइएको, कार्यसम्पादन र मूल्याङ्कन अभिलेख ढाँचा प्रतिवेदन, २०८२ स्वीकृत भई कार्यान्वयनमा ल्याइएको, नेपाल प्रहरी रणनीतिक सम्मेलन प्रतिवेदन, २०८२ स्वीकृत भई कार्यान्वयनमा ल्याइएको, नेपाल प्रहरीका लागि आवश्यक हातहतियार तथा खरखजना र भीड नियन्त्रणका लागि आवश्यक सामग्री आवश्यकताको मापदण्ड, २०८२ स्वीकृत भई कार्यान्वयनमा आएको बताइएको छ।

जेनजीलगायतका युवा पुस्ताहरूको अभिरुचि र जोखिमको विश्लेषण प्रतिवेदन, २०८२ स्वीकृत भई कार्यान्वयनमा आएको, भीड नियन्त्रणको विशिष्टिकृत प्रशिक्षण क्षमता विकासको निमित्त मापदण्ड निर्माण गर्नेसम्बन्धी प्रतिवेदन, २०८२ स्वीकृत भई कार्यान्वयनमा आएको जनाइएको छ। नेपाल प्रहरी रणनीतिक योजना २०८३-२०८५ स्वीकृत भई कार्यान्वयनमा आएको, नेपाल सरकारबाट स्वीकृत शासकीय सुधारसम्बन्धी १०० कार्यसूचीका नेपाल प्रहरीसँग सम्बन्धित बुँदाहरू कार्यान्वयन भइरहेको छ। नेपाल प्रहरी ठाडो निवेदनउपर छलफल र मेलमिलापसम्बन्धी कार्यविधि, २०८२ स्वीकृत भई कार्यान्वयनका लागि देशभरका प्रहरी कार्यालयलाई पत्राचार गरिएको छ।

संस्थागत क्षमता विस्तारतर्फ देशभरका विभिन्न १७ प्रहरी कार्यालयका लागि ४८ हजार ९२९ वर्गमिटर जग्गा प्राप्ति भएको, कार्यसम्पादन मूल्याङ्कन मार्गनिर्देशनको आधारमा जिल्ला प्रहरी कार्यालयहरूको मासिक कार्यसम्पादनको स्तर मापन गर्ने पद्धतिको सुरुआत गरिएको छ। नेपाल प्रहरीमा ड्रोन तथा एन्टी-ड्रोन एकाइ स्थापना गर्न आवश्यक प्रक्रिया अघि बढाइएको, स्वदेश तथा विदेश तालिमअन्तर्गत ११ हजार ५०० जनशक्तिलाई प्रशिक्षण प्रदान गरिएको छ। प्रहरीको सम्पर्कमा आउने बालबालिका र प्रहरी कर्मचारीका कम उमेरका बालबालिकाहरूको स्याहारका लागि १० प्रहरी कार्यालयहरूमा प्रतिजिल्ला रु एक लाख ५० हजार उपलब्ध गराई बालमैत्रीकक्ष स्थापना गरिएको छ।

सो अवधिमा समुदाय प्रहरी साझेदारीअन्तर्गत ६ हजार ५१७ कार्यक्रममार्फत ११ लाख ३३ हजार ९६२ नागरिक प्रत्यक्ष रूपमा लाभान्वित भएका छन्। सो अवधिमा पूर्वाधार विकास तथा सेवा विस्तारतर्फ जिल्ला प्रहरी कार्यालय पर्सा, जिल्ला ट्राफिक प्रहरी कार्यालय नवलपरासीपूर्वसहित इलाका प्रहरी कार्यालय कोहलपुर, बरहथवा, बुटवल, गढवा, सिम्रौनगढ र वडा प्रहरी कार्यालय चन्द्रौटा, कपिलवस्तु गरी आठवटा प्रहरी कार्यालयमा महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र सञ्चालन भएको छ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# पैतालिस सार्वजनिक संस्थानमध्ये अधिकांश कमजोर

काठमाडौँ, १४ जेठ (रासस)।

सरकारले सार्वजनिक गरेको 'सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा प्रतिवेदन २०८३' ले देशका सार्वजनिक संस्थानहरूको अवस्था मिश्रित रहेको देखाएको छ।

आर्थिक वर्ष २०८१/८२ को अन्त्यसम्म देशमा कूल ४५ सार्वजनिक संस्थानमध्ये छ वटा निष्क्रिय रुपमा अस्तित्वमा रहेको तर छ संस्थान कानुनी रूपमा कायम रहेर पूर्णरूपमा निष्क्रिय रहेका प्रतिवेदनमा उल्लेख छ। अर्थ मन्त्रालयले बुधबार सार्वजनिक गरेको प्रतिवेदनअनुसार शेयर पुँजीमा ५० प्रतिशतभन्दा बढी सरकारी नियन्त्रण रहेका र वस्तु तथा सेवाको उत्पादन तथा वितरण गर्ने उद्देश्यले स्थापना गरिएका निकायलाई सार्वजनिक संस्थानका रूपमा वर्गीकृत गरिएको छ।

कार्य प्रकृतिका आधारमा औद्योगिक क्षेत्रमा १०, वित्तीय क्षेत्रमा १०, सेवा क्षेत्रमा ११, व्यापारिक क्षेत्रमा चार, सामाजिक क्षेत्रमा पाँच तथा जनोपयोगी क्षेत्रमा पाँच संस्थान रहेका छन्। जनकपुर चुरोट कारखाना लिमिटेड, नेपाल मेटल कम्पनी लिमिटेड, नेपाल ओरियण्ड म्याग्नेसाइट प्राइभेट लिमिटेड, बुटवल धागो कारखाना लिमिटेड, नेपाल इन्जिनियरिङ कन्सल्टेन्सी सेवा केन्द्र र नेशनल कन्स्ट्रक्सन कम्पनी नेपाल लिमिटेड गरी छ संस्थान कानुनी रूपमा अस्तित्वमा भए पनि कुनै व्यावसायिक गतिविधि सञ्चालनमा छैनन्।

नेपाल इन्जिनियरिङ कन्सल्टेन्सी सेवा केन्द्र र नेशनल कन्स्ट्रक्सन कम्पनी नेपाल लिमिटेडबाट लामो समयदेखि वित्तीय विवरणसमेत प्राप्त नभएकाले विश्लेषणका लागि ४५ मध्ये ४३ संस्थानलाई मात्र प्रतिवेदनमा समावेश गरिएको छ।

उदयपुर सिमेन्ट उद्योग लिमिटेड, हेटौँडा सिमेन्ट उद्योग लिमिटेड र नेपाल औषधि लिमिटेड समीक्षा अवधिमा पूर्ण क्षमतामा सञ्चालन भएका छैनन्। नेपाल पूर्वाधार निर्माण कम्पनीले अझै पूर्ण व्यावसायिक रूप लिन नसकेको तथा धौवादी फलाम कम्पनी लिमिटेड उत्पादनपूर्वको चरणमा छ।

सार्वजनिक संस्थानहरूले रणनीतिक पूर्वाधार निर्माण, बजार सन्तुलन, वित्तीय विकास, सामाजिक सुरक्षा तथा सङ्कट व्यवस्थापनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन्। निजी क्षेत्रको सम्भावित एकाधिकार, कृत्रिम अभाव, 'कार्टेलिङ, सिन्डिकेट' र कालोबजारी नियन्त्रण गरी बजार सन्तुलन कायम गर्न सार्वजनिक संस्थानले योगदान पुऱ्याएको सरकारको निष्कर्ष छ।

बैंक तथा वित्तीय क्षेत्रको विस्तार, स्रोत परिचालन र मूल्य स्थिरतामा सार्वजनिक संस्थानको भूमिका महत्वपूर्ण रहेको प्रतिवेदनमा उल्लेख छ। कर तथा लाभांशमार्फत सरकारी कोषमा संस्थानहरूले उल्लेखनीय योगदान गरेका छन्।

प्रतिवेदनअनुसार आर्थिक वर्ष २०८१/८२ सम्म अस्तित्वमा रहेका ४५ संस्थानमध्ये २० वटा नेपाल सरकारको पूर्ण स्वामित्वमा छन् भने २५ वटा संस्थानमा सरकार तथा सरकारी निकायको संयुक्त रूपमा ५० प्रतिशतभन्दा बढी स्वामित्व रहेको छ। बत्तीस वटा संस्थानमा सरकारको ९० प्रतिशतभन्दा बढी र ३६ वटा संस्थानमा ६० प्रतिशतभन्दा बढी शेयर स्वामित्व छ।

सामाजिक क्षेत्रका सबै पाँच संस्थान सरकारको पूर्ण स्वामित्वमा छन्। औद्योगिक क्षेत्रतर्फ दुग्ध विकास संस्थान, उदयपुर सिमेन्ट उद्योग, हेटौँडा सिमेन्ट उद्योग, जनकपुर चुरोट कारखाना र धौवादी फलाम कारखानामा सरकारको शतप्रतिशत लगानी छ।

सेवा क्षेत्रका नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी, नेपाल वायु सेवा निगम, नेपाल नागरिक उड्डयन प्राधिकरण, नेपाल रेल्वे कम्पनीलगायत संस्थानमा पनि सरकारको पूर्ण स्वामित्व छन्। जनोपयोगी क्षेत्रतर्फ नेपाल खानेपानी संस्थान र नेपाल विद्युत् प्राधिकरण सरकारकै पूर्ण स्वामित्वमा छन्।

वित्तीय क्षेत्रका संस्थानमा भने सरकारको पूर्ण स्वामित्व नरहेका प्रतिवेदनले देखाएको छ। राष्ट्रिय वाणिज्य बैंक लिमिटेडमा सरकारको ९९ दशमलव ९७ प्रतिशत स्वामित्व छ।

आर्थिक वर्ष २०८१/८२ मा सार्वजनिक संस्थानहरूको चुक्ता पुँजी दुई दशमलव ३८ प्रतिशतले वृद्धि भई रू चार खर्ब ३७ अर्ब ८० करोड १२ लाख पुगेको छ। यद्यपि कूल शेयर स्वामित्वमा सरकारको हिस्सा अघिल्लो वर्षको तुलनामा शून्य दशमलव २९ प्रतिशत विन्दुले घटेर ९१ दशमलव ६८ प्रतिशतमा सीमित भएको छ। बाँकी आठ दशमलव ३२ प्रतिशत सेयर अन्य संस्थान तथा निजी क्षेत्रको छ।

क्षेत्रगत रूपमा सामाजिक क्षेत्रमा सरकारको शतप्रतिशत स्वामित्व छ भने सेवा क्षेत्रमा ९९ दशमलव ५४ प्रतिशत, व्यापारिक क्षेत्रमा ९९ दशमलव ८१ प्रतिशत, जनोपयोगी क्षेत्रमा ९८ दशमलव ८४ प्रतिशत र औद्योगिक क्षेत्रमा ९५ दशमलव ६७ प्रतिशत सरकारी स्वामित्व छ। वित्तीय क्षेत्रमा भने सरकारको स्वामित्व सबैभन्दा कम ६४ दशमलव ४१ प्रतिशत छ।

# हालसम्म ४१ लाख १४ हजार सवारी स्मार्ट चालक अनुमतिपत्र वितरण

काठमाडौँ, १४ जेठ (रासस)।

सार्वजनिक भएको आर्थिक सर्वेक्षण २०८२/०८३ आनुसार चालु आर्थिक वर्षको फागुनसम्म ४३ हजार ७५० थान सवारी चालक अनुमतिपत्र (स्मार्ट कार्ड) वितरण भएको छ। बुधबार हालसम्म (२०८२ फागुनसम्म) ४१ लाख १४ हजार १८१ थान सवारी चालक अनुमतिपत्र (स्मार्ट कार्ड) वितरण भएको सर्वेक्षणमा उल्लेख छ।

सर्वेक्षणअनुसार चालु आर्थिक वर्षको फागुनसम्म ८७ हजार १४ थान इम्बोस्ड नम्बर प्लेट उत्पादन भएको छ भने पाँच हजार १८६ थान जडान भएको छ। २०८२ फागुनसम्म आठ लाख ३१ हजार ५९ थान इम्बोस्ड नम्बर प्लेट उत्पादन भएकोमा ८८ हजार ३४० थान मात्र जडान भएको छ। इम्बोस्ड नम्बर प्लेट जडान प्रक्रियालाई सरल, व्यवस्थित र प्रभावकारी बनाउने सम्बन्धमा इम्बोस्ड सवारी नम्बर प्लेट जडानसम्बन्धी निर्देशिका, २०८१ स्वीकृति भई कार्यान्वयनमा रहेको छ।

सर्वेक्षणअनुसार आव २०८२/८३ को फागुनसम्म बस, मिनिबस, ट्रक, माइक्रोबस, कार, मोटरसाइकललगायतका विभिन्न दुई लाख ८१ हजार ९२१ यातायातका साधन दर्ता भएका छन्। २०८२ फागुनसम्म यस्तो सङ्ख्या ६२ लाख ४९ हजार ७३२ पुगेको छ। दर्ता भएका सवारी/यातायातका साधनमध्ये ५० लाखभन्दा बढी मोटरसाइकल रहेको सर्वेक्षणमा उल्लेख छ।

### ...अनि श्रीमतीसँग ...

अन्तर्राष्ट्रिय कोष(आईएफएडी), युएन ओमन, विश्व खाद्य कार्यक्रम र खाद्य तथा कृषि संगठन(एफएओ) ले आर्थिक तथा प्राविधिक सहयोग गरिरहेको छ।

गाउँपालिकाको तीन वटै वडामा महिलाहरुलाई कृषक समूहमा आबद्ध गरिएको छ। समूहमा आबद्ध महिला कृषकहरुलाई तालिम, बीउबिजन, प्राविधिक सहयोग, सिंचाईका लागि मोटर, सिडी पम्प, पाईप लगायतको सहयोग गर्दै आएको छ। "आफ्नै खेत छैन, बटैयामा पाँच कठ्ठा जग्गा लिएर तरकारी खेती गर्दै आएको थिएँ" सुनौलो बिहानी महिला कृषक समूहकी सदस्य ममता मण्डलले भनिन् "विस्तारै १० कठ्ठा जग्गा बटैयामा लिएर तरकारी खेती गरिरहेकी छु। भैंसी पनि पालेकी छु दुध घरमा पनि खपत हुन्छ र बेच्ने पनि गरेकी छु। दुध बेचेर आएको पैसा बचत गर्ने गरेकी छु। श्रीमानले पनि सघाइरहनु भएको छ।" ममताका श्रीमान शम्भु मण्डल एक महिना अघि मात्रै बैदेशिक रोजगारबाट फर्किएका हुन्।

कार्यक्रम अन्तर्गत वडा नं. ३ सकरपुरामा १३, वडा नं. ४ कोईलाडीमा १६ र वडा नं. ५ को. बर्साइनमा २० वटा महिला कृषक समूह गठन गरि समूहका सदस्यहरुको क्षमता विकाससँग आयमूलक कार्यहरुमा सहयोग पुऱ्याइरहेको सप्रोस नेपालका कार्यक्रम प्रबन्धक नवीन चौधरीले जानकारी बताउँछन्।

घरभित्र तथा परम्परागत खेतीमा रुमल्लिएका सिमान्तकृत वर्गका कृषक महिलाहरुमा सकारात्म परिवर्तन भएको आफूले पाएको स्थानीय विद्यालयमा ३१ बर्ष शिक्षण सेवा गरेका बर्साइनका अवकाश प्राप्त शिक्षक योगेन्द्र दासले बताए। "लामो समय विद्यालयमा शिक्षण पेशामा विताउँदा पनि विद्यालयमा आफ्ना बालबालिकाको नाम दर्ता गराउन महिला आएको कहिल्यै देखिन पुरुष नै आउने गर्थे" अवकाश प्राप्त शिक्षक दासले आफ्नो अनुभव सुनाउँदै भने "त्यतिबेला पुरुष नै घर परिवारमा हावी रहेका थिए, अहिले त हाम्रो गाउँघरका महिला सबै क्षेत्रमा अगाडि बढ्दै गएको देख्छु।"

पछिल्लो तीन वर्षदेखि गाउँपालिकाको तीन वटा वडामा कार्यक्रम सञ्चालनमा छ। समूहका महिलाहरुलाई कृषि तथा अन्य पेशा व्यवसायलाई वृद्धि गरी आय आर्जनमा अभिवृद्धि गर्न वितीय साक्षरता कक्षा, लैगिक कार्य सिकाई पद्धति जस्ता बिषयहरुका साप्ताहिक रुपमा कक्षा समेत सञ्चालन गर्ने गरिएकोले कार्यक्रम प्रभावकारी देखिएको गाउँपालिकाका अध्यक्ष अरुण कुमार मण्डल बताउछन्। महिलाहरु सक्षम भएकै कारण बर्साइनस्थित कृष्णकुमारी देवी राजपुत मेमोरियल आधारभूत विद्यालयको विद्यालय व्यवस्थापन समितिमा महिला मात्र रहेको वडा नं. ५ का वडा अध्यक्ष ललन प्रसाद राउतको कथन छ।

अहिले त समुदाय तथा परिवार स्तरमा झैं झगडा, हिंसाका घटनाहरुमा समेत कमी आएका पाइएको सप्रोस नेपालका सामाजिक आर्थिक सुपरभाइजर विमला न्यौपाने बताउँछिन्। हरेक समूहमा लैंगिक कार्य सिकाई पद्धति जस्ता बिषयमा समेत कक्षा सञ्चालन गर्ने गरेकाले त्यस्ता घटनाहरुमा कमी आएको न्यौपानेको कथन छ।

"म समूहको बैठकमा आबद्ध भएर बैठक तथा तालिमहरुमा जान थालेपछि विदेशमा रहेका श्रीमानले फोन गरेर गाली गर्नुहुन्यो, त्यस्ता बैठकहरुमा जानु हुँदैन भन्नहुन्यो" सुनौलो बिहानी महिला कृषक समूहका सदस्य ममता मण्डलले भनिन, मेरा सासु ससुराले जति सम्झाउँदा पनि विश्वास लागेन, त्यस्ता बैठक तालिममा गएर विग्रिन्छौ भन्नुहुन्यो। सबै कुरा सम्झाई बुझाई गरें बैठकमा पनि सँगै लगें, सबै कुरा आफ्नै आँखाले देखेपछि बल्ल विश्वास भयो र अहिले एकदमै सहयोगी हुनु भएको छ।"

"शुरु शुरुमा म निकै रिसाएँ, बैठक तालिममा गएपछि महिला विग्रिन्छ भनी गाली गर्थें" ममताका श्रीमान शम्भु मण्डलले भने "विदेशबाट फर्किर सबै कुरा आफ्नै आँखाले हेरें, परिवारमा भएको प्रगतिका कुराहरु बुझेपछि श्रीमतिसँग माफी मागें। अहिले त बैठक र तालिमहरु हुँदा आफै पुऱ्याउन पनि जाने गरेको छु।"

## विश्व समाचार

### अमेरिका-इरान तनावले फेरि बढ्यो तेलको मूल्य, एशियाली शेयर बजारमा गिरावट

तेहरान, १४ जेठ (रासस/एएफपी)।

इरानमाथि अमेरिकाले नयाँ सैन्य कारबाही गरेपछि बिहीबार अन्तर्राष्ट्रिय बजारमा तेलको मूल्य फेरि बढेको छ भने अधिकांश एशियाली शेयर बजारमा गिरावट आएको छ। मध्यपूर्व युद्धविराम कमजोर बन्दै गएको संकेतसँगै बजारमा पुनः तनाव देखिएको हो।

बुधबार सम्भावित शान्ति सम्झौताप्रति आशा बढेपछि तेलको मूल्य घटेको थियो। तर नयाँ घटनाक्रमपछि उक्त गिरावट धेरै हदसम्म मेटिएको छ। युद्धका कारण महत्वपूर्ण हर्मुज जलडमरूमध्यमार्फत हुने ढुवानी महिनौँदेखि प्रभावित हुँदै आएको छ।

अमेरिकी अधिकारीका अनुसार अमेरिकी सेनाले इरानका चार ड्रोन खसाल्नुका साथै दक्षिणी सहर बन्दर अब्बासस्थित एक नियन्त्रण केन्द्रमा आक्रमण गरेको छ। नाम नखुलाउने सर्तमा ती अधिकारीले कारबाहीलाई 'सन्तुलित, पूर्ण रूपमा रक्षात्मक र युद्धविराम कायम राख्न लक्षित' बताएका छन्।

इरानको सरकारी सञ्चारमाध्यमले भने इरानी सेनाले जलडमरूमध्य क्षेत्रमा चार जहाजमाथि गोली प्रहार गरेको जनाएको छ। यता कुवेतले आफ्नो हवाई सुरक्षा प्रणालीले मिसाइल र ड्रोन आक्रमणको जवाफ दिइरहेको जनाएको छ।

यी घटनाक्रमबीच एक इरानी अधिकारीले अमेरिका-इरानबीच पुनः ठूलो युद्ध हुने सम्भावना कम रहेको बताएका छन्। तर अमेरिकी राष्ट्रपतिले शान्ति सम्झौता नभए 'काम समाप्त गरिने' चेतावनी दिनुभयो।

यसले मध्यपूर्व युद्ध अन्त्यका लागि भइरहेका वार्ता अझै अस्थिर अवस्थामा रहेको संकेत दिएको छ, जसले विश्व ऊर्जा बजारमा गम्भीर प्रभाव पारिरहेको छ।

अन्तर्राष्ट्रिय मापदण्ड कच्चा तेलको मूल्य बिहीबार बिहानको कारोबारमा १.८ प्रतिशतले बढेर प्रतिब्यारेल ९५.९५ डलर पुगेको छ। अमेरिकी कच्चा तेलको मूल्य पनि १.७ प्रतिशतले बढेर ९०.१७ डलर पुगेको छ।

एशियाली शेयर बजारहरूमा भने अधिकांश सूचकांक घटेका छन्। हङकङको प्रमुख सूचकांक १.५ प्रतिशतभन्दा बढीले ओरालो लागेको छ।

### डुंगा दुर्घटनामा तीन जनाको मृत्यु, ५ बेपत्ता

नयाँदिल्ली, १४ जेठ (रासस/सिन्ह्वा)।

भारतको पूर्वी राज्य बिहारमा नदीमा डुंगा पल्टिँदा कम्तीमा ३ जनाको मृत्यु भएको छ भने ५ जना बेपत्ता भएका छन्। बिहीबार भएको घटनाको पुष्टि स्थानीय प्रहरीले गरेको हो।

राजधानी पटना नजिकै गंगा नदीको उमानाथ घाट क्षेत्रमा दुर्घटना भएको बताइएको छ। दुर्घटनाग्रस्त डुंगामा करिब १५ जना सवार थिए, जसमध्ये ७ जनालाई सकुशल उद्धार गरिएको छ।

स्थानीय सञ्चारमाध्यमका अनुसार अधिकांश पीडित महिला रहेका छन्। उनीहरू तरकारी लिन नदी पार गर्दै थिए।

प्रहरीका अनुसार नदीको बीच भागमा पुगेपछि अचानक आएको तीव्र हावाहुरीका कारण डुंगा पल्टिएको हो। बेपत्ता व्यक्तिहरूको खोजी कार्य जारी रहेको प्रहरीले जनाएको छ।

### इजरायल-हिजबुल्लाह संघर्षमा इजरायली सैनिकको मृत्यु, सीमा क्षेत्रमा तनाव बढ्दै

इजरायल, १४ जेठ (रासस/सिन्ह्वा)।

इजरायली सेनाले बिहीबार जनाएको अनुसार लेबनान सीमाना नजिक हिजबुल्लाहको ड्रोन आक्रमणमा एक सैनिकको मृत्यु भएको छ। यससँगै इरान समर्थित समूहसँग जारी युद्धमा मारिने इजरायली सैनिकहरूको संख्या २४ पुगेको छ।

सेनाका अनुसार मृत्यु हुने सैनिक २० वर्षीया सार्जेन्ट रोतेम यानाइ हुन्। उनी उत्तरी इजरायलमा सञ्चालन भइरहेको सैन्य गतिविधिका क्रममा मारिएको बताइएको छ।

सोही घटनामा एक रिजर्भ सैनिक गम्भीर रूपमा घाइते भएका छन् भने अर्को मध्यम रूपमा घाइते भएका छन्। इजरायली सेनाले उक्त आक्रमण हिजबुल्लाहको विस्फोटक ड्रोनबाट भएको पुष्टि गरेको छ। युद्ध सुरु भएयता हालसम्म २३ सैनिक र एक नागरिक ठेकेदारसहित कुल २४ इजरायलीको मृत्यु भएको छ।

इजरायली सेनाले बुधबार लेबनानको जाजानी नदीभन्दा दक्षिणका सबै क्षेत्रलाई "युद्ध क्षेत्र" घोषणा गर्दै स्थानीय बासिन्दालाई खाली गर्न आग्रह गरेको छ। यो कदम अप्रिल १७ को युद्धविरामपछि पहिलो पटक गरिएको ठूलो स्तरको चेतावनी मानिएको छ।

# महिला टी-ट्वान्टी छनोट क्रिकेट प्रतियोगितामा सिरहा र धनुषा बिजयी



**दैनिक समाचारदाता**
**राजविराज, १४ जेठ ।**

बिहीबारदेखी राजबिराजमा संचालित मधेश प्रदेशस्तरीय यू-१९ तथा सिनियर महिला छनोट टी-ट्वान्टी क्रिकेट प्रतियोगिता अन्तरगत सम्पन्न दुई खेलमा सिरहा र धनुषा बिजयी भएका छन् ।

पहिलो खेलमा सिरहाले आयोजक सप्तरीलाई १३ रनले पराजित गऱ्यो भने दोस्रो खेलमा धनुषाले सर्लाहीमाथि १ सय २० रनको फराकिलो अन्तरले जित हासिल गरेको छ ।

पहिलो खेलमा टस जितेर ब्याटिङ रोजेको सिरहाले निर्धारित २० ओभरमा ९२ रनको योगफल तयार पारेको थियो । सिरहाका लागि काजल साफीले २६ रनको योगदान दिँदा पुष्पा यादवले १८, अनुराधा चौधरीले १६ तथा अनु यादवले ११ रन बनाएका थिए ।

बलिङतर्फ सप्तरीकी बन्दना रजकले उत्कृष्ट प्रदर्शन गर्दै ४ विकेट हात पारिन् । यस्तै सुस्मिता यादवले २ विकेट लिँदा दीपाराम र साक्षी यादवले समान १-१ विकेट लिए ।

९३ रनको लक्ष्य पछ्याएको सप्तरीले १८ ओभर ४ बलमा ७९ रनमै समेटिँदै हार बेहोर्न पुग्यो । सिरहाको जितमा बलिङतर्फ अनुराधा चौधरी र स्वेता लामाले समान २-२ विकेट लिए भने सरस्वती चौधरी, मिना महतो र प्रशिदिक्षा खडकाले समान १-१ विकेट हात पारे । सो खेलमा उत्कृष्ट अलराउण्ड प्रदर्शन गरेकी अनुराधा चौधरी खेलको प्लेयर अफ दि म्याच घोषित भइन् ।

त्यसैगरी दोस्रो खेलमा टस जितेर ब्याटिङ गरेको धनुषाले निर्धारित २० ओभरमा ६ विकेट गुमाएर १ सय ६५ रनको बलियो योगफल खडा गरेको थियो । धनुषाका लागि चन्द्रिका महतोले उत्कृष्ट ब्याटिङ गर्दै ७३ रन बनाइन् भने रोजी खत्रीले ३६ रनको योगदान दिइन् । सर्लाहीका लागि सरिश्मा खनाल र रानी साहले समान २-२ विकेट लिए भने अनुपा खडकाले १ विकेट हात पारिन् ।

१ सय ६६ रनको लक्ष्य पछ्याएको सर्लाही १३ ओभर ४ बलमा ४५ रनमै अलआउट हुन पुग्यो । सर्लाहीका लागि अनुपा खडकाले १० रन बनाउनु बाहेक अन्य ब्याटरले उल्लेख्य प्रदर्शन गर्न सकेनन् ।

धनुषाको बलिङ आक्रमणमा मधु खडकाले घातक प्रदर्शन गर्दै ४ विकेट लिइन् । यस्तै रोजी खत्रीले २ विकेट तथा रोशनी महरा र अनिषा यादवले समान १-१ विकेट लिए । उत्कृष्ट ब्याटिङ प्रदर्शन गरेकी धनुषाकी चन्द्रिका महतो खेलको प्लेयर अफ दि म्याच घोषित भइन् ।

# विभिन्न विश्वविद्यालयको उपकुलपतिका लागि स्वीकृत उम्मेदवारको विवरण सार्वजनिक

काठमाडौँ, १४ जेठ (रासस) ।

विभिन्न विश्वविद्यालयको रिक्त उपकुलपति नियुक्तिका लागि नाम सिफारिस गर्न गठित समितिले माग गरेको दरखास्तमा परेका आवेदकमध्येबाट स्वीकृत उम्मेदवारको सूची सार्वजनिक गरिएको छ ।

शिक्षा तथा खेलकुद मन्त्रालयमा रहेको समितिले ती विश्वविद्यालयका लागि माग गरिएका उम्मेदवारको कागजपत्र छानबिनपछि स्वीकृत उम्मेदवारको नामावली बुधबार सार्वजनिक गरेको हो । विवरणअनुसार त्रिभुवन विश्वविद्यालयको उपकुलपतिका लागि ४३, पूर्वाञ्चल विश्वविद्यालयका लागि ३४, पोखरा विश्वविद्यालयका लागि ३३, लुम्बिनी बौद्ध विश्वविद्यालयका लागि १३, कृषि तथा वन विश्वविद्यालयका लागि १३, मध्यपश्चिम विश्वविद्यालयका लागि १७, सुदूरपश्चिम विश्वविद्यालयका लागि १८ र राजर्षि जनक विश्वविद्यालयका लागि २१ जनाको दरखास्त स्वीकृत भएको छ ।

सबै विश्वविद्यालयका लागि प्राप्त २१८ उम्मेदवारले आवेदन दिएकामा एक सय ९९ उम्मेदवार प्रतिस्पर्धाका लागि योग्य भएका हुन् । यी उम्मेदवारले प्रस्तुतीकरण र अन्तर्वार्तामा भाग लिनेछन् भने त्यसका आधारमा समितिले मूल्याङ्कन गरी सम्बन्धित विश्वविद्यालयको उपकुलपतिका लागि तीन जनाको नाम कुलपति एवं प्रधानमन्त्रीसमक्ष सिफारिस गर्ने व्यवस्था छ ।

समितिले गत वैशाख २५ गते 'विभिन्न विश्वविद्यालयको उपकुलपति छनोट तथा सिफारिससम्बन्धी एकीकृत कार्यविधि, २०८३' बमोजिम इच्छुक तथा योग्य उम्मेदवारलाई दरखास्त दिन आह्वान गरेको थियो । त्यसअघि नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट जारी भएको पदमुक्तिसम्बन्धी विशेष अध्यादेशबाट विभिन्न विश्वविद्यालयका पदाधिकारीहरू पदमुक्त भएका थिए । नेपाल खुला विश्वविद्यालयको रिक्त उपकुलपति पदमा यसअघि नै नियुक्ति प्रक्रिया सुरु भइसकेको छ । रिक्त रहेका पदाधिकारीहरूमा हाल निमित्तको जिम्मेवारी दिइएको छ ।

# मातृ मृत्युदरमा उल्लेखनीय सुधार

काठमाडौँ, १४ जेठ (रासस) ।

मातृ मृत्युदरमा उल्लेखनीय सुधार भएको जनाइएको छ ।

प्रतिनिधिसभाको बुधबारको बैठकमा अर्थमन्त्री डा स्वर्णिम वाग्लेले प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०८२/८३ को आर्थिक सर्वेक्षणमा प्रतिलाख जीवित जन्ममा हुने मातृमृत्युदर एक सय ५१ मा झरेको छ । नेपाल परिवार स्वास्थ्य सर्वेक्षणअनुसार सन् १९९६ मा मातृमृत्युदर ( प्रतिलाख जीवित जन्ममा) पाँच सय ३९ रहेकामा हाल एक सय ५१ मा झरेको हो ।

यस्तै, आर्थिक सूचाङ्कमा प्रतिहजार जीवित जन्ममा हुने शिशु मृत्युदर २७ मा झरेको छ । सन् २०११ मा शिशु मृत्युदर ४६ (प्रतिहजार जीवित जन्ममा) रहेको थियो । यस्तै, पाँच वर्षमुनिका बाल मृत्युदर ५४ बाट ३१ (प्रतिहजार जीवित जन्ममा) घटेको छ ।

आर्थिक सर्वेक्षणमा नेपालमा १३ हजार ५९४ प्रकारका स्वदेशी 'ब्रान्ड'का औषधि स्वदेशमा नै उत्पादन हुने गरेको उल्लेख छ । चालु आवको फागुन मसान्तसम्म पाँच सय २९ स्वदेशी र एक सय ३८ विदेशी 'ब्रान्ड' का औषधि दर्ता भएका छन् ।

गत आवमा ५३ हजार ७१३ विपन्न नागरिकले निःशुल्क औषधिसहितको स्वास्थ्य सेवा प्राप्त गरेको उल्लेख छ । तीमध्ये २८ हजार ६७८ क्यान्सर, आठ हजार ४१० मुटु र तीन सय ४६ जनाले मिर्गौला प्रत्यारोपणसहित १२ हजार ४५२ जनाले मिर्गौलासम्बन्धी सेवा पाएका छन् । चालु आवको फागुनसम्म ३३ हजार ५८१ जना विपन्न नागरिकले उपचार सेवा पाएको उल्लेख छ ।

**अङ्ग प्रत्यारोपण गराउनेको सङ्ख्या बढ्यो**

यस्तै, आर्थिक सर्वेक्षणमा अङ्ग प्रत्यारोपणसमेत बढेको पाइएको छ । आव २०८२/८३ मा दुई सय ९५ जना बिरामीको मिर्गौला र १५ जना बिरामीको कलेजो प्रत्यारोपण भएको छ । अघिल्लो आवमा भने एक सय ८६ बिरामीको मिर्गौला र आठ जनाको कलेजो प्रत्यारोपण गरिएको थियो ।

**चिकित्सक र नर्सको सङ्ख्या वृद्धि**

प्रतिहजार जनसङ्ख्यामा चिकित्सक र नर्सको सङ्ख्या वृद्धि भएको आर्थिक सर्वेक्षणमा उल्लेख छ । चालु आवको फागुनसम्म नेपाल मेडिकल काउन्सिल तथा नेपाल नर्सिङ काउन्सिलमा दर्ता भएका स्वास्थ्यकर्मीबमोजिम नेपालमा प्रतिहजार जनसङ्ख्यामा एक दशमलव ८६ चिकित्सक र चार दशमलव ४२ अनुपात नर्स गरेका छन् । अघिल्लो आवमा भने चिकित्सक एक दशमलव एक र नर्सको अनुपात दुई दशमलव ८६ रहेको थियो ।

# एक खर्ब ८१ अर्बको पेट्रोलियम पदार्थ आयात

पर्सा, १४ जेठ (रासस) ।

वीरगञ्ज नाका हुँदै चालु आर्थिक वर्षको १० महिनामा रू एक खर्ब ८१ अर्ब ७० करोड मूल्य पर्ने छ थरिका पेट्रोलियम पदार्थ आयात भएको छ ।

गत आवको १० महिनाको तुलनामा चालु आवको सोही अवधिमा मूल्यको आधार यो नाका हुँदै रू २५ अर्ब ५३ करोड अर्थात १६ दशमलव ३५ प्रतिशतले वृद्धि भएको हो । जबकी गत आवको १० महिनामा भने रू एक खर्ब ५६ अर्ब १७ करोड मूल्य पर्ने छ थरिका पेट्रोलियम पदार्थ भित्रिएको थियो ।

वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले चालु आवको १० महिनामा पेट्रोलियम पदार्थहरूको आयातबाट रू ६७ अर्ब १९ करोड राजस्व सङ्कलन गरेको बताउनुभयो । चालु आवको १० महिनामा रू एक खर्ब ५७ करोड मूल्य पर्ने आठ लाख ९५ हजार दुई सय ४६ किलोलिटर डिजेल आयात भएको छ । जबकी गत आवको १० महिनामा भने रू ७९ करोड ५७ करोड मूल्य पर्ने नौ लाख ८५७ किलोलिटर डिजेल आयात भएको थियो ।

रू ३५ अर्ब ७९ करोड मूल्य पर्ने तीन लाख ९० हजार ६१५ किलोलिटर पेट्रोल आयात भएको छ । गत आवको १० महिनामा भने रू ३१ अर्ब ७१ करोड मूल्य पर्ने तीन लाख ६७ हजार ३४४ किलोलिटर पेट्रोल आयात भएको थियो ।

चालु आवको १० महिनामा रू २५ अर्ब ५४ करोड मूल्य पर्ने २४ करोड २७ लाख तीन हजार १५० किलोग्राम एलपिजी ग्यास आयात भएको छ । जबकी गत आवका १० महिनामा भने रू ३० अर्ब २८ करोड मूल्य पर्ने २६ करोड ४१ लाख १४ हजार ३२६ किलोग्राम एलपिजी ग्यास आयात भएको छ ।

### *थोरै लगानीमा ...*

बिग्रने अवस्थामा पुग्छ । नेपालकै पहिलो जुट मिल जुन बिराटनगरमा थियो, अहिले उक्त मिल पनि बन्द अवस्था छ । उक्त मिलमा मोरङ, सुनसरी र सप्तरीका किसानहरुले "पटुवा" बिक्रि गर्ने गर्थे ।

यस्ता नगदे बालीलाई उकास्न तीनै तहका सरकारको ध्यान जानु आवश्यक छ । कम्तिमा स्थानीय सरकारले कृषकहरुलाई आवश्यक सुझाव, सल्लाह, परामर्श दिएर सनपात खेती गर्ने तर्फ प्रोत्साहित गर्नु आवश्यक छ ।

### *पत्रकार आचरण ...*

अपलोड' गर्ने गरिएको छ ।

सञ्चारमाध्यमबाट तथ्यहीन, अपुष्ट आरोपहरू लगाई व्यक्तिको चरित्र एवं गोपनीयता प्रतिकूल हुने एवं व्यावसायिक साखमा असर गर्नेगरी मिथ्या/भ्रमपूर्ण सामग्री सम्प्रेषण गर्ने कार्य आचारसंहिताविपरीत भन्दै काउन्सिलले ध्यानाकर्षण भएको जनाएको छ ।


सूचना ! सूचना !! सूचना !!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरू उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं ।

हाम्रो सेवाहरू:
१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा



सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४



**प्रकाशक/सहसम्पादक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट :** संजय शंखर
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, **फोन :** ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*